# अध्यक्ष रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७९

**गाउँ कार्यालिकाबाट स्वीकृत मितिः २०७९/१०/१३**

**प्रस्तावनाः**जनसहभागिता परिचालन मार्फत सञ्चालन गरिने आयोजनामा हेभी प्रकृतिका मेशिनको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै त्यस्ता मेशिनको प्रयोगबाट स्थानीय वातावरणमा हुन सक्ने भू-क्षय तथा पहिरो जस्ता नकारात्मक असरलाई न्यूनिकारण गर्न त्यस्ता आयोजना निर्माणमा स्थानीय श्रम,सीप तथा सामाग्रीको अधिकतम प्रयोग गरी दिगो विकास को अवधारणा लाई प्रवर्द्धन गर्न एवम् त्यस्ता आयोजना बाटै स्थानीयस्तरमा रोजगारीको अवसर सृजना गरी गाउँपालिका क्षेत्रभित्रको गरिवी क्रमशः न्युनीकरण गर्ने ध्येयले अपिहिमाल गाउँपालिकाको नियमित गाउँसभा अधिवेशन द्धारा पारित "अध्यक्ष रोजगार कार्यक्रम" लाई गाउँपालिका क्षेत्रभित्र व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अपिहिमाल गाउँकार्यापालिका ले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नामः"अध्यक्ष रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७९"रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

(३) यो कार्यविधि अपिहिमाल गाउँपालिका भित्र लागू हुनेछ ।

२. **विषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिकालाई जनाउनेछ ।

ख) "वडा" भन्नाले अपिहिमाल गाउँपालिकाका वडाहरुलाई जनाउनेछ ।

ग) "कार्यालय" भन्नाले अपिहिमाल गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

घ) “कार्यालय प्रमुख” भन्नाले प्रमुख प्रशासकीय अधिकृत लाई जनाउनेछ ।

ङ) “कार्यविधि” भन्नालेः “अध्यक्ष रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९”लाई जनाउनेछ ।

च) “आयोजना” भन्नाले कार्यालयबाट सम्झौता गरी गाउँपालिकाको सम्बन्धित वडा भित्र सञ्चालन हुने पूर्वाधारअन्य आयोजनालाई सम्झनु पर्दछ ।

छ) “हेभी प्रकृतिका मेशिन” भन्नाले संघीय सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम (९) मा उल्लेखित लोडर,एक्साभेडर,रोलर,डोजर जस्ता हेवी मेशिनलाई जनाउँछ ।

ज) “लाभग्राही” भन्नाले कार्यक्रमभित्र पर्ने आयोजनामा सहभागिता जनाउन ईच्छुक देहायमा उल्लेखित प्राथमिकताक्रमका व्यक्तिलाई सम्झनु पर्दछ ।

(१) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सूचीकृत आयोजना सञ्चालन हुने वडाबासी,

(२) उपखण्ड (१) मा सूचीकृत बाहेक आयोजना सञ्चालन हुने वडाका इच्छुक वडाबासी,

(३) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सूचीकृत अन्य वडाका वडाबासी,

(४) उपखण्ड (३) मा सुचीकृत बाहेक अन्य वडा का इच्छुक वडाबासी,

(५) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सूचिकृत भएका व्यक्तिहरु र ६०-६७ वर्षका सक्षम बेरोजगार व्यक्तिहरु समेत समावेश गरिने छ ।

(६) अन्य स्थानीय तह बासी ।

झ) “स्वरोजगार” भन्नाले कुनै व्यक्ति वा समूह वा संस्था/उपभोक्ता समितिले संचालन गरेको कार्यक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आय आर्जन भएको अवस्थालाई जनाउनेछ ।

ञ) “सभा” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ सभा लाई सम्झनु पर्दछ ।

ट) “रोजगार आयोजना” भन्नाले गाउँपालिकाले रोजगार सृजनाका लागि संचालन गर्ने आयोजनाहरुलाई जनाउँछ ।

ठ) "राजस्व तथा आर्थिक प्रशासन शाखा" भन्नाले कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखालाई जनाउछ ।

**३. आयोजना छनौटः**अध्यक्ष रोजगार कार्यक्रम मार्फत आयोजना छनौट देहाय बमोजिमको मापदण्डका आधारमा हुनेछ ।

क) प्रधानमन्त्री रोजगार कार्यक्रम बाट छनौट भएका आयोजनालाई प्रभावकारी बनाउन आयोजनाको लागत इस्टिमेट का आधारमा हुन आउने, खरिद सामाग्री प्रयोग भएका आयोजना,

ख) कृषि उत्पादन सँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरु,

ग) स्वरोजगार तथा रोजगार सृजना कार्यक्रम तथा आयोजनाहरु,

घ) विपद व्यवस्थापन न्युनीकरण सम्बन्धी आयोजनाहरु,

ङ) टोल विकास सँग सम्बन्धित अन्य आयोजनाहरु ।

**४. पूर्वाधार विकास शाखाले आयोजनाको लागत अनुमान तयार गर्नु पर्नेः**( १) पूर्वाधार विकास शाखाले गाउँपालिकाको वडा भित्र संचालन हुने गरी स्वीकृत आयोजनाको लागत अनुमानको तयारी देहाय बमोजिम गर्नु पर्नेछ ।

क) आयोजना संचालन गर्दा हेभी प्रकृतिका मेशिनको प्रयोग गर्नु पर्ने वा नपर्ने विषयमा यकिन गर्न सम्बन्धित वडाका वडा अध्यक्षको रोहवरमा आयोजनास्थलको सर्भे गर्नु पर्ने,

ख) आयोजना संचालन गर्दा हेभी प्रकृतिका मेशिन प्रयोग गर्नै पर्ने अवस्था आउने भएमा उक्त विषयको पूर्व जानकारी सम्वन्धित वडाका वडा अध्यक्षलाई दिने,

ग) आयोजनाको कम्तिमा पचास प्रतिशत काममा स्थानीय श्रम,सीप र सामाग्री मात्र प्रयोग गर्दै लाभग्राहीको कम्तिमा बीस प्रतिशत जन/लागत सहभागिताको अंश स्पष्ट देखिने गरी लागत अनुमान गर्ने,

घ) कन्टेन्जेन्सी वाफत चार प्रतिशत रकम कट्टा गरिने छ ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास शाखा बाट तयार भई स्वीकृतिका लागि पेश हुन आएको आयोजनाको लागत अनुमानमा कार्यक्रमको आशय अनुकूल आयोजनाको लागत अनुमान तयार भए/नभएको यकिन गरी प्रमुख प्रशासकीय अधिकृतले उक्त आयोजनाको लागत अनुमान स्वीकृत गरी दिनु पर्नेछ ।

**५. योजना तथा अनुगमन शाखाले आयोजना सम्झौताको प्रकृया अघि बढाउनु पर्नेः**(१) दफा (४) को उपदफा (२) बमोजिम आयोजनाको लागत अनुमान स्वीकृत भएपछि योजना तथा अनुगमन शाखाले आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(२) आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरण अद्यावधिक भए पश्चात योजना तथा अनुगमन शाखाले आयोजनासँग सम्बन्धित लागत अनुमान रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगार व्यक्तीहरु वाहेक बेरोजगारहरुको विवरण लगायतका सम्पूर्ण कागजात सम्झौताका लागि सम्बन्धीत वडा कार्यालयमा पठाई दिनु पर्नेछ ।

६. **वडा कार्यालयले आयोजना सम्झौताको लागि सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समितिलाई पत्राचार गर्नु पर्नेः**(१) योजना तथा अनुगमन शाखाबाट आयोजनाको स्वीकृति लागत अनुमान र सो सँग सम्बन्धित सम्पूर्ण कागजात प्राप्त भईसके पश्चात् सम्बन्धित वडाले सम्बन्धित टोलको टोल विकास संस्था/उपभोक्ता समितिलाई आयोजना सम्झौताका लागि पत्राचार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वडा कार्यालयको पत्रमा उल्लेख गरिएको समयावधिभित्र सम्बन्धित वडामा गई सम्बन्धित टोलको टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले आयोजना सम्झौता गरी सक्नु पर्नेछ ।

७. **लाभग्राही लक्षित सूचना टोल विकास संस्था/उपभोक्ता समितिले प्रकाशन गर्नु पर्नेः** टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले आयोजनाको स्वीकृत लागत अनुमानमा खुलाईएको आयोजना निर्माणमा प्रयोग एवम् खपत हुन स्थानीय श्रमिकको संख्या,सीप तथा सामाग्रीको स्पष्ट विवरण खुल्ने गरी अनुसूची -१ बमोजिमको ढाँचामा लाभग्राही लक्षित सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **आयोजनामा काम गर्न चाहाने इच्छुक लाभग्राहीले सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समितिमा निवेदन गर्नु पर्नेः** टोल विकास संस्था/उपभोक्ता समितिबाट प्रकाशित अनुसूची १ बमोजिमको ढाँचामा प्रकाशित सूचना अनुसार आयोजनामा काम गर्न चाहाने इच्छुक लाभग्राहीहरुले अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समितिमा आवेदन गर्नु पर्ने छ ।

९. **आयोजनामा काम गर्न चाहाने योग्य लाभग्राहीहरुको छनौट टोल विकास संस्था/उपभोक्ता समितिले आवेदन गर्नु पर्नेः**(१) टोल विकास संस्था/उपभोक्ता समितिले आयोजनाको लागत अनुमानमा उल्लेखित श्रमिकको संख्या,आयोजना सम्पन्न गरी सक्नु पर्ने अवधि र आयोजनामा काम गर्न ईच्छुक भई संस्था/उपभोक्ता समितिमा आवेदन गर्ने लाभग्राहीको संख्या समेतलाई विश्लेषण गरी उपयुक्त संख्याका लाभग्राहीको छनौट गर्नु पर्नु पर्ने छ ।

(२) उपदफा(१) बमोजिम छनौट गरिएका लाभग्राहीहरुको विवरण टोल विकास सुस्था/उपभोक्ताले सार्वजनिक गर्नु पर्नेछ

**१०. सम्झौता बमोजिमको आयोजनाको काम टोल विकास संस्था/उपभोक्ता समितिले प्रारम्भ गर्नु पर्नेः** (१) देहाय उल्लेखित प्रावधानको पालन गरी सम्झौता बमोजिमको आयोजनाको काम टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले प्रारम्भ गर्नु पर्नेछः

क) आयोजनामा काम गर्ने गरी छनौट भएका लाभग्राहीहरुको महालेखा परिक्षक फाराम नम्बर बमोजिमको डोर हाजिर फाराम भरी/भराई काममा लगाउने,

ख) खण्ड (क) बमोजिमका लाभग्राहीहरुलाई दैनिक आठ घण्टा आयोजनाको काममा परिचालन गर्ने,र

ग) कार्यालयले तोकेको अन्य आवश्यक प्रावधान ।

**११.आयोजनासँग सम्बन्धित निर्देशनको अनिवार्य पालना गर्नु पर्नेः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने आयोजनाका सम्बन्धमा गाउँपालिकाका अध्यक्ष  वा उपाध्यक्ष वा गाउँपालिकाका उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित वडा का वडा अध्यक्ष वा पूर्वाधार विकास शाखाका प्राविधिक कर्मचारीले दिएको निर्देशनको अनिवार्य पालना गर्नु/गराउनु सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति वा सो संस्था/उपभोक्ता समितिका पदाधिकारी वा आयोजनामा काम गर्ने गरी छनौट भएका लाभग्राहीहरुको कर्तव्य हुनेछ ।

**१२.आयोजनाको अनुगमन,कार्यसम्पन्न प्रतिवेदन तयारी र भुक्तानीको सिफारिस सम्बन्धी व्यवस्थाः** (१) सम्झौता बमोजिम आयोजनाको काम सम्पन्न भएपछि टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले आयोजनाको अनुगमन एवम् कार्यसम्पन्न प्रतिवेदन बनाउन सम्बन्धित वडा समक्ष अनुरोध गर्नु पर्नेछ ।

(२) पूर्वाधार विकास शाखाको प्राविधिक कर्मचारी सहितको अनुगमन समिति मार्फत आयोजनाको अनुगमन तथा मूल्यांकन गरी/गराई सोको प्रतिवेदन सम्बन्धित वडाले योजना तथा अनुगमन शाखामा पठाई दिनु पर्नेछ ।

(३) सम्झौता बमोजिमको कार्य सम्पन्न भएको कार्य देखिएमा सम्बन्धित वडाका वडा अध्यक्षले रकम भुक्तानीको सिफारिस पत्र योजना तथा अनुगमन शाखामा पठाई दिनु पर्नेछ ।

(४) पूर्वाधार विकास शाखाको कार्यसम्पन्न प्रतिवेदन र नापी किताब,अनुगमन समितिको प्रतिवेदन र सम्बन्धित वडाका वडा अध्यक्षको रकम भुक्तानीको सिफारिस पत्र प्राप्त भए पश्चात् योजना तथा अनुगमन शाखाले उक्त आयोजनाको सम्पूर्ण विवरण सफ्टवेयरमा प्रविष्टि गरी भुक्तानीको सिफारिस सहित तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

**१३.आयोजनाको कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम निकासा गरी दिनु पर्नेः** दफा १२ को उपदफा (४) बमोजिम आयोजनाको अन्तिम भुक्तानी लागि प्राप्त सम्पूर्ण कागजातहरुको जाँचबुँझ गरी टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले नियमानुसार पाउने रकम

अपिहिमाल गाउँपालिकाको माछापुच्छ्रे बैंक लिमिटेड शाखामा रहेको सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताको बैंक खाता मार्फत आर्थिक प्रशासन शाखाले भुक्तानी गर्नेछ ।

**१४.लाभग्राहीले पाउनु पर्ने रकम टोल विकास संस्था/उपभोक्ता समितिले भुक्तानी गर्नु पर्नेः** (१) यस कार्यविधिको दफा १२ बमोजिम आयोजना निर्माण वापतको भुक्तानी प्राप्त भए पश्चात लाभग्राहीहरुको डोर हाजिर बमोजिमको रकम सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति/उपभोक्ताले आयोजनामा काम गर्ने लाभग्राहीहरुलाई भुक्तानी गरी दिनु पर्नेछ ।

(२) टोल विकास संस्था/उपभोक्ता समितिले उपदफा(१) बमोजिमको भुक्तानी गरिएको रकमको एक प्रति भर्पाई रोजगार सेवा केन्द्रमा समेत पठाउनु पर्नेछ ।

**१५.कार्यक्रम कार्यान्यन निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरुलाई प्रभावकारी रुपमा संचालन गर्न,नीतिगत व्यवस्था गर्न गाउँपालिका स्तरीय देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) गाउँपालिकाका अध्यक्षले तोकेको एक जना वडा अध्यक्ष | सदस्य |
| ङ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| च) रोजगार संयोजक | सदस्य |
| छ) छ. योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) एक बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने छ ।

**१६.बाधाअड्काउ फुकाउन सकिनः** (१) यस कार्याविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयनमा कुनै दुविधा वा बाधा अड्चन आईपरेमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय गरी त्यस्तो दुविधा वा बाधा अड्चन फुकाउन सक्ने छ ।
(२) उपदफा १ बमोजिम फुकाईएको बाधा वा अड्चनको जानकारी कार्यापालिकाको बैठकमा गराउनु पर्ने छ

**१७.प्रचलित कानुन बमोजिम हुनेः**यस कार्यविधिमा लेखिए जति यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

(कार्यविधिको दफा छ संग सम्बन्धित)

..................टोल विकास संस्था/उपभोक्ताल समिति

..................टोल अपिहिमाल गाउँपालिका वडा नं........

मिति......

विषयः अध्यक्ष रोजगार कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राही लक्षित सूचना ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा ............नं वडा को यस टोल भित्र कार्यान्वयन हुने देहायमा उल्लेखित आयोजना अपिहिमाल गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम कार्यान्वयन/संचालन गर्ने भनी यस संस्था/उपभोक्ता समितिले मिति.........मा ..........कार्यालय ......संग आयोजना सम्झौता गरी सकेको छ । उक्त आयोजना देहाय बमोजिम संचालन हुनु पर्ने भएकाले उक्त आयोजनामा काम गर्न चाहाने ईच्छुक लाभग्राही श्रमिकले यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र कार्याविधिको अनुसूची -२ बमोजिमको ढाँचामा यस संस्था/उपभोक्ता समितिमा आवेदन गर्न हुन सम्बन्धित सबै को जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

**आयोजनाको नामः**

| | |
|---|---|
| आयोजनाको कुल लागत अनुमान रकमः<br>गाउँपालिकाबाट विनियोजन हुने रकमः<br>जन/लागत सहभागिता बाफत व्यहोर्नु पर्ने रकम | आयोजनामा खपत हुने कूल श्रमिकको सुख्याः<br>मध्ये—<br>दक्ष श्रमिकको संख्याः<br>अर्धदक्ष श्रमिकको संख्याः<br>अदक्ष श्रमिकको संख्याः |
| आयोजनामा प्रयोग हुने स्थानीय सामाग्री (ढुंगा,गट्टी,काठ,बास) जस्ता आदी सामाग्रीको परिमाणः | श्रमिकले दैनिक काम गर्नु पर्ने न्युनतम अवधिः८ घण्टा |
| सम्झौत बमोजिम आयोजना सम्पन्न गरी सक्नु पर्ने अवधिः | आयोजनामा प्रयोग हुने हेभि प्रकृतिको मेसिनले गर्ने कामको परिमाणः घनमिटरमा |

<u>पुनश्चः</u> आयोजनाका लागि स्वीकृत लगत अनुमानमा उल्लेख गरिएको संख्या बमोजिमको श्रमिक छनौट गर्दा देहाय मा उल्लेखित प्राथमिकता क्रमका लाभ ग्राही श्रमिकहरु क्रमशः छनौट गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

क. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सूचीकृत यस वडाका वडा बासी

ख. खण्ड (क) देखि बाहेक यस वडाका ईच्छुक वडा बासी

ग. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सुचीकृत भएका व्यक्तिहरु र ६०-६७ वर्षका सक्षम बेरोजगार भएका वडाबासी

घ.अन्य वडाका वडा बासी ।

## अनुसूची २

## (कार्यविधिको दफा ७ संग सम्बन्धित)

श्री.............टोल विकास संस्था/उपभोक्ता समिति,

...................टोल,.........नम्बर वडा, अपिहिमाल गाउँपालिका ।

**विषयः अध्यक्ष रोजगार कार्यक्रममा सहभागी हुने आवेदन गरेको ।**

प्रस्तुत विषयमा तहाँ संस्था/उपभोक्ता समितिबाट मिति ..........गते प्रकाशित सूचनाका बारेमा जानकारी भयो । उक्त सूचनामा उल्लेख गरिएको तहाँ टोल भित्र कार्यान्वयन हुने आयोजनामा दामासाहीका दरले मैले पनि २० प्रतिशत लागत/जन सहभागिताको अंश व्यहोरी काम गर्न ईच्छुक भई निवेदन गरेको छु । पुनश्चः अपिहिमाल गाउँपालिकाद्धारा स्वीकृत अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७९ को पूर्ण रुपमा अवलम्बन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

देहाय

| विवरण | विवरण |
|---|---|
| १. कुनै एक मा गोलो चिन्ह लगाउनेः<br>यस आर्थिक वर्षमा यस आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि अपिहिमाल गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचीकृत (क) भएको छु ।<br>(ख) भएको छैन । | २.कुनै एकमा गोलो चिनो लगाउनेः<br>मैले सिक्न चाहेको सीप<br>क) स्वदेशमै रोजगारी गर्न सक्ने किसिमको होस्।<br>ख) विदेशमा गई रोजगारी गर्न सक्ने किसिमको होस् |
| ३.कुनै एकमा गोलो चिनो लगाउनेः<br>मले विगत देखि गर्दै आएको पेशा —<br>(क) कृषि हो ।<br>(ख) ज्याला मजदुरी हो ।<br>(ग)आंशिक कृषि र आंशिक ज्यालामजदुरी हो । | ४. कुनै एक मा गोल चिनो लगाउनेः<br>मेरो स्वामित्वमा भएको जग्गाको उत्पादनले<br>क) ३ महिना सम्म मात्र खान पुग्छ ।<br>ख) ६ महिना मात्र खान पुग्छ ।<br>ग) वर्षे दिन खान पुग्छ । |
| ५.कुनै एकमा गोलो चिनो लगाउनेः<br>मेरो आम्दानी छोराछोरालाई विद्यालय पठाउन-<br>क) पुगेको छ ।<br>ख) पुगेको छैन<br>ग) धौ/धौ परेको छ । | ६. कुनै एकमा गोलो चिनो लगाउनेः<br>मेरो आम्दानीले म र मेरो परिवारका सदस्य सामान्य विरामी परेका बखन उपचार गर्न —<br>क) पुगेको छ ।<br>ख) पुगेको छैन<br>ग) धौं/धौं परेको छ । |

| | |
|---|---|
| ७. कुनै एकमा गोलो चिनो लगाउनेः<br>आयोजना सम्पन्न भए पश्चात त्यसको रेखदेख र मर्मत/सम्भारमा —<br>क) निरन्तर लागि पर्नेछ ।<br>ख) लागि पर्ने छैन । | ८. कुनै एकमा गोलो चिनो लगाउनेः<br>गाउँपालिकाबाट सञ्चान हुने सानातिना विकास निर्माण सम्बन्धी आयोजनामा —<br>क) स्थानीयबासीलाई रोजगारी दिने व्यवस्था मिलाए राम्रो हुन्थ्यो ।<br>ख) डोजर/एक्साभेटर जस्ता हेभि प्रकृतिका मेशिन प्रयोग गरी सञ्चालन गरे राम्रो हुन्थ्यो । |
| ९.कुनै एकमा गोलो चिन्ह लगाउनेः<br>यस आयोजनामा काम गरे पछि पाउने ज्याला वाफतको रकमको —<br>क) पुरै हिस्सा छाक टार्नमै खर्चिन्छु<br>ख) केहि हिस्सा छाक टार्न र केहि हिस्सा मदिरामा खर्चिन्छु<br>ग) केही हिस्सा छाक टार्न र केही हिस्सा बचतमा प्रयोग गर्छु । | |

निवेदकको नाम, थर............
ठेगाना...........................
सम्पर्क नम्बर....................
हस्ताक्षर......................